**काठमाडौं स्कुल अफ ल**
**दधिकोट-९, भक्तपुर**
**फोन : ६६३४४५५,**
Website: www.ksl.edu.np

---

# (For LL.B., LL.M. and M.A.)

## शोधपत्र (Dissertation) तयारी, प्रस्तुति तथा मूल्याङ्कन विनियमावली, २०६६

१. **नाम र प्रारम्भ :**

यो विनियमावलीको नाम **शोधपत्र (Dissertation) तयारी, प्रस्तुति तथा मूल्याङ्कन विनियमावली,** २०६६ रहनेछ। यो विनियमावली काठमाण्डौं स्कुल अफ लको व्यवस्थापन समिति (Management Committee) ले पारित गरेका मितिबाट लागू हुनेछ ।

२. **परिभाषा :**

(क) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा **विनियमावली** भन्नाले शोधपत्र (Dissertation) तयारी, प्रस्तुती तथा मूल्याङ्कन विनियमावली, २०६६ बुझिनेछ ।

(ख) **शोधपत्र (Dissertation)** भन्नाले एलएल.बी., एलएल.एम. र एम.ए. तहका विद्यार्थीले शैक्षिक कार्यक्रमको अन्तिम वर्षमा शोध अनुसन्धान गरी विश्वविद्यालयमा बुझाउनुपर्ने शोधपत्र (Dissertation) लाई जनाउनेछ ।

(ग) **सुपरीवेक्षक (Supervisor)** भन्नाले कम्तिमा स्नातकोत्तर तह पूरा गरी सम्बन्धित क्षेत्रमा ३ वर्ष भन्दा बढी कार्य सम्पादन गरी आफ्नो क्षेत्रमा विशेषज्ञता हासिल गरेको व्यक्ति वा नेपाल सरकारका वरिष्ठ कर्मचारीहरू वा आफ्नो क्षेत्रमा विशेषज्ञता हासिल गरेका अन्य व्यक्तिहरू मध्येबाट विश्वविद्यालयले शोधपत्र तयार गर्ने विद्यार्थीलाई निर्देशन तथा सुपरीवेक्षण गर्ने प्रयोजनका लागि तोकिएको व्यक्तिलाई जनाउनेछ ।

(घ) **वाह्य परीक्षक (External Expert)** भन्नाले सुपरीवेक्षक हुन योग्यता पुगेको व्यक्तिमध्येबाट विश्वविद्यालयले शोधपत्र परीक्षण गर्नको लागि नियुक्त गरेको व्यक्तिलाई जनाउनेछ ।

(ङ) **प्रस्तावना (Proposal)** भन्नाले विद्यार्थीले विनियम ३ को ढाँचामा आफूले तयार गर्ने शोधपत्रको विवरणलाई बुझाउनेछ ।

(च) **विश्वविद्यालय** भन्नाले पूर्वाञ्चल विश्वविद्यालयलाई जनाउने छ ।

३. **शोधपत्रको प्रस्तावना (Proposal) मा निम्न कुराहरू उल्लेखित हुनुपर्नेछ ।**

३.१ परिच्छेद - १

(क) परिचय र अनुसन्धानको औचित्य (Introduction and Rationales of the Study)

(ख) पृष्ठभूमी (Background)

(ग) अनुसन्धान गर्न खोजिएको मूल समस्या (Research Problem)

(घ) अनुसन्धानको उद्देश्य (Objective of Research)

(ङ) आवश्यक भएमा पूर्वपरिकल्पना (Hypothesis, if necessary)

(च) सीमितता (Limitation)

(छ) शोधपत्रको संरचना (Organization of the Study)

३.२ परिच्छेद - २

**पूर्वशोधकार्यको समीक्षा र मूल्याङ्कन (Literature Review)** - यसमा सम्बन्धित विषयको स्नातक तहमा कम्तिमा ६ वटा र स्नातकोत्तर तहमा कम्तिमा १२ वटा पूर्वप्रकाशित पुस्तक, लेख, रचना र अनुसन्धानमूलक सामग्रीको अध्ययन र त्यसले दिएको उपलब्धिको समीक्षा उल्लेखित हुनुपर्नेछ ।

३.३ परिच्छेद - ३

**शोधपद्धति (Methodology)** : यसमा शोधकर्ताले निम्न बुँदामा आफ्नो कार्ययोजना उल्लेखित गर्नुपर्नेछ ।

(क) ढाँचा (Design)

(ख) तथ्याङ्कको प्रकृति र स्रोत (Nature and Sources of Data)

(ग) शोधकार्यको क्षेत्र (Universe/Population)

(घ) नमुना छनौट पद्धति (Sampling Method)

(ङ) तथ्याङ्क संकलनको प्रविधि (Technique of Data Collection)

(च) तथ्याङ्कको प्रस्तुति र विश्लेषण (Presentation/Analysis of Data)

३.४ **सन्दर्भसामग्री सूची (Bibliography):** प्रस्तावना तयार गर्दा अध्ययन गरिएको सामग्रीहरूको सूची उल्लेखित हुनुपर्नेछ। यस्तो सूची www.ksl.edu.np मा उल्लेखित Style Guide to Academic Writing अनुरूप वर्णानुक्रमानुसार हुनुपर्नेछ।

## ४. शोधपत्र तयार गर्दा अपनाउनुपर्ने न्यूनतम कुराहरू :

४.१ विनियम ३ मा उल्लेखित प्रस्तावनाको ढाँचामा नै शोधपत्र तयार गर्नुपर्नेछ। अर्थात् त्यसमा निम्न कुरा उल्लेखित हुनुपर्नेछ। यसमा परिच्छेद विभाजनमा आवश्यकतानुसार सामान्य फेरबदल हुन सक्नेछ।

४.१.१. परिच्छेद १ : परिचय र अनुसन्धानको औचित्य (Introduction and Rationales of the Study)

परिच्छेद २ : पूर्वशोधकार्यको समीक्षा र मूल्याङ्कन (Literature Review)

परिच्छेद ३ : शोधपद्धति (Methodology)

परिच्छेद ४ : अध्ययनको विषयवस्तु/ विषयवस्तुको विश्लेषण (Subject Matter of the Study/Content Analysis)

परिच्छेद ५ : सारांश (Conclusion and Recommendation)

४.२ **स्रोत संकेत (Citation):** शोधपत्र लेखनको स्रोत संकेत (Citation) को ढाँचा www.ksl.edu.np मा उल्लेखित "Style Guide to Academic Writing" बमोजिम हुनुपर्नेछ।

४.३ **शब्द संख्याको सीमाङ्कन** : स्नातकोत्तर तहमा शोधपत्र २५,००० देखि ३०,००० शब्दसीमाभित्र तयार हुनुपर्नेछ। स्नातक तहमा १५,००० देखि २०,००० शब्द सीमाभित्र तयार हुनु पर्नेछ।

## ५. अन्य कुराहरू :

५.१ Margin : दायाँ वायाँ १.२५ देखि १.५० इन्च, शिरमा र पुच्छरमा १ इन्च छोड्नुपर्ने छ ।

५.२ Header र Footer Margin (पेज नम्बरको लागि): Header र Footer दुवैमा ०.५ इन्च छोडनुपर्नेछ ।

५.३ Font Type : Times New Roman वा Arial

५.४ Font Size : Body Text लेखाइ Times New Roman मा 12 point वा Arial मा 10 Point हुनुपर्नेछ ।

५.५. Major Heading: यसको Font Size Body Text भन्दा 4 point ठूलो, Bold र UPPER CASE मा हुनुपर्नेछ ।

५.६ Sub Headline: यसको Font Size Body Text भन्दा 2 point ठूलो र Bold हुनुपर्नेछ ।

५.७ Line Spacing: Body Text को लागि 1.5 Line Spacing राख्नुपर्नेछ ।

५.८ Footnote : यसको Font Size Body Text भन्दा 2 point सानो हुनुपर्नेछ ।

५.९ Footnote Line Spacing: Single (Default)

५.१० Paragraph Spacing: Double

## ६. सुपरीवेक्षक (Supervisor) ले सुपरीवेक्षण (क्गउभचखष्कभ० गर्दा ध्यान दिनुपर्ने कुराहरू:

(क) शोधपत्रको प्रस्तुती: तयार भएको शोधपत्र प्रस्तावनाअनुसार भए-नभएको ।

(ख) शोध पद्धति: शोध पद्धति ठीक भए-नभएको ।

(ग) स्रोत संकेत: विनियम ४.२ मा उल्लेखबमोजिम भए-नभएको ।

(घ) विषयवस्तु : विषयवस्तुको प्रस्तुति, विश्लेषण र समीक्षा मौलिक र सान्दर्भिक भए-नभएको ।

(ङ) भाषा: भाषा शुद्ध तथा पठनीय भए-नभएको ।

(च) सन्दर्भसामग्री सूची : वर्णानुक्रमअनुरूप भए नभएको ।

**द्रष्टव्य** : पूर्णाङ्क ५० मध्ये शोध पद्धतिमा १५ अंक, विषयवस्तुमा २५ अंक तथा भाषामा र प्रस्तुति निपुणतामा १० अंक प्राप्त हुने हुँदा विद्यार्थीले शोधपत्र तयार गर्दा र सुपरीवेक्षकले सुपरीवेक्षण गर्दा यस कुरामा ध्यान दिनुपर्नेछ ।

७. **अन्तिम बाइन्डिङपूर्व नै शोधपत्र पेस गर्नुपर्ने :**

(क) शोधपत्रको साथमा अनुसूची १ बमोजिमको सिफारिसपत्र (Recommendation Letter), अनुसूची २ बमोजिमको अनुमति पत्र (Approval Letter) र अनुसूची ३ बमोजिमको स्वीकृति पत्र (Letter of Acceptance) राखी तीन-तीनप्रति छुट्टै पेस गर्नुपर्नेछ ।

(ख) शोधपत्र सुपरीवेक्षकले जाँची परीक्षणको निमित्त सिफारिस गरेपछि शोधपत्र परीक्षण शुल्कसहित टेप बाइन्डिङ गरी ३ प्रति परीक्षा शाखामा पेस गर्नुपर्नेछ । उक्त शोधपत्र मूल्याङ्कनको लागि बाह्य परीक्षकलाई विश्वविद्यालयको प्रक्रियानुसार पठाइनेछ । बाह्य परीक्षकले ५० अंकमा छुट्टै र गोप्य मूल्याङ्कन गर्नेछन् । त्यसरी जाँची आएको शोधपत्रमा शोधकर्ताले तीनजना विशेषज्ञसमक्ष मौखिक परीक्षा (Viva Voice) दिनुपर्नेछ ।

(ग) मौखिक परीक्षा (Viva Voice) को मूल्याङ्कन तीनजना विशेषज्ञहरूको समूहले संयुक्त रूपमा ५० अंकमा गर्नेछन् । त्यसरी मूल्याङ्कन गर्दा शोधपत्रमा कुनै खास कुरा समावेश गर्नुपर्ने देखिएमा, सच्याउनुपर्ने देखिएमा, काट्नु वा सुधार गर्नुपर्ने देखिएमा सोबमोजिम सुधार गर्न शोधपत्र पेस गर्ने विद्यार्थीलाई सात दिनको समय दिई फिर्ता गरिनेछ । सोबमोजिम काम सम्पन्न गरी विद्यार्थीले सुपरीवेक्षकलाई देखाउनु पर्नेछ र सुपरीवेक्षकले सोही बमोजिम काम सम्पन्न भएको देखेमा शोधपत्र स्वीकृत गरी सिफारिसपत्रमा सही गरी विद्यार्थीलाई सात दिनभित्र ३ प्रति हार्ड बाइन्डिङ र सफ्ट कपीसमेत परीक्षा समितिमा बुझाउन लगाउनुपर्नेछ ।

८. **शोधपत्र अस्वीकृत हुने :**

शोधपत्रको लिखित ढाँचा यो विनियमावलीले तोकेको मापदण्डअनुसार नभएमा शोधपत्र अस्वीकृत हुनेछ । यसरी शोधपत्र अस्वीकृत भएपछि विद्यार्थीले पुनः अर्को प्रस्तावना र शोधपत्र मूल्याङ्कन शुल्क बुझाई तत्सम्बन्धी प्रक्रियाको थालनी गर्नुपर्नेछ ।

९. **शोधपत्र बुझाउने अन्तिम अवधिः**

सामान्यतयाः विश्वविद्यालयको परीक्षा सकिएको मितिले ३ (तीन) महिनाभित्र शोधपत्र तयार गरी विद्यार्थीले बुझाउनुपर्नेछ । त्यसरी बुझाएको शोधपत्रको नतिजा प्रकाशित भएपछि सो वर्षको शैक्षिक सत्रमा उत्तीर्ण भएका विद्यार्थीहरूको विवरण तयार हुनेछ र

तीमध्येबाट उच्चत्तम अंक पाउने विद्यार्थीको नाम र प्रतिशत पहिचान गरी विश्वविद्यालयलाई जानकारी दिइनेछ। यो समयावधि नाघेर पेस भएको शोधपत्रको हकमा विद्यार्थीहरूको नाम यस स्कुलबाट घोषणा हुने योग्यताक्रमको गणनामा समावेश गरिने छैन ।

१०. **अन्तिम अवधिपछि पेस हुन आएको शोधपत्र :**

विश्वविद्यालयको परीक्षा सकिएको ३ (तीन) महिना भित्र विनियम ९ बमोजिम शोधपत्र पेस नभएका शोधपत्रका हकमा सो शैक्षिक कार्यक्रमको असोज मसान्त, पुस मसान्त, चैत मसान्त गरी यी तीन अवधि शोधपत्रमाथि कारबाही गरिने भनी तोकिएका छन् । उल्लेखित अवधिभित्र पेस भएका शोधपत्रमाथि विश्वविद्यालयको अनुमति लिइ यस कलेजले आवश्यक कारबाही चलाउनेछ । शोधपत्र पेस गर्ने बित्तिकै तुरुन्त परीक्षण गरी पाऊँ भनी जुनसुकै कारण देखाई विद्यार्थीले कलेजमा वा विश्वविद्यालयमा सम्पर्क राखी ताकेता गर्न पाउने छैनन् ।

११. **संशोधन हुनेः**

यस विनियमावलीमा आवश्यकतानुसार संशोधन गर्नुपर्ने भएमा यस स्कुलको व्यवस्थापन समितिले विश्वविद्यालयको निर्णय/निर्देशिकासँग प्रतिकूल नहुने गरी आवश्यक संशोधन गर्न सक्नेछ ।

१२. **बचाउः**

यस विनियमावलीमा जेसुकै लेखिएको भए तापनि पूर्वाञ्चल विश्वविद्यालयको शोधपत्र पेस गर्ने तथा मूल्याङ्कन गर्ने कार्यविधिसम्बन्धी छुट्टै विनियम तथा कार्यविधि भएमा सोहीबमोजिम हुनेछ ।

अनुसूची १
(विनियम ७ (क) सँग सम्बन्धित)

## <u>Recommendation Letter</u>

The Dissertation titled "……………………………… " submitted by Mr./Mrs./Miss ……………………..……………… has been examined by me. I have found the Dissertation in conformity to the required standard prescribed by the University. It is recommended for External Examination.

………………

**Name:**
**Designation:**
**Supervisor**
**Date:**

अनुसूची २
(विनियम ७ (क) सँग सम्बन्धित)

# Approval Letter

This is to certify that the Dissertation entitled "……………………………… " submitted by Mr./Mrs./Miss ……………………..……………… is in conformity to the rules and criteria of the Purbanchal University regarding dissertation. It is, therefore, forwarded for the External Examination as per the rule of the University.

| | | |
|---|---|---|
| **……………………..…** | **OR** | **…………………………….** |
| **Dr. Yubaraj Sangroula** | | **Prof. Madhav Prasad Acharya** |
| **Principal** | | **Professor In-charge** |
| **Kathmandu School of Law** | | **Kathmandu School of Law** |
| **Date:** | | **Date:** |

अनुसूची ३
(विनियम ७ (क) सँग सम्बन्धित)

**Purbanchal University**

**Through**

**Katmandu School of Law**

**Dadhikot-9, Bhaktapur**

# Letter of Acceptance

This Dissertation entitled " **……………………………………**" submitted by Mr./Mrs./Miss **……………….** has been accepted after Viva Voice Examination by a Team of three-member Experts as partial fulfillment of the requirement for the *Master's Degree of Laws* in Human Rights and Gender Justice/Criminal Law and Justice/Business and International Trade Law/ *Bachelor's Degree of Laws / Master's Degree in Conflict and International Humanitarian Laws.*

## Expert Committee:

1. Name…………………………………
   Designation…………………………..
   Signature ………………………….

2. Name…………………………………
   Designation…………………………..
   Signature ………………………….

3. Name…………………………………
   Designation…………………………..
   Signature ………………….

**Viva Voice Date:**